For Nepali By Nepali नेपालीका लागी नेपाली

# Non-Resident Nepalese Association UK

( NRNA UK, Charity Number: 1196013 )

# गैरआवासीय नेपाली संघ यूके

## प्रेस विज्ञप्ति

मिति : ०२/०१/२३

**विषय:** गैरकानूनी इमेलप्रति सचेत रहन अपिल

संघबाट वर्खास्त भइसकेका पदाधिकारीले एनआरएनए यूकेको नाममा विभिन्न इमेल सम्प्रेषण गरिरहेकोप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

निम्न इमेलहरु uk.generalsecretary@nrna.org info.nccuk@nrna.org, र uk.president@nrna.org आधिकारिक नभएकाले यी इमेलबाट आएका सामग्री 'इग्नोर' गर्न म सबैमा सूचित गर्दछु ।

अहिले एनआरएनए यूकेको ११ औं वार्षिक साधारणसभामार्फत वर्खास्त भएका पूर्व महासचिव खुशी लिम्बु, आर्थिक अपचलनमा छानबिन समितिबाट निलम्बनपछि वर्खास्त गरिएका पूर्व उपाध्यक्ष सुनिलबाबु खड्का र गत वर्षको निर्वाचनमा अध्यक्ष पदमा लज्जास्पद हार बेहोरेर आफूले आफैंलाई उपाध्यक्ष भन्दै हिंडेका टिके एनआरएन दीपक श्रेष्ठको नाममा एउटा कार्यक्रमका लागि निमन्त्रणा भन्दै समुदायमा इमेल सम्प्रेषित भइरहेको सूचना प्राप्त भएको छ ।

आउंदो ८ जनवरीमा लन्डन साउथ हयारोमा गर्न लागिएको भनिएको उक्त अन्तरक्रिया आधिकारिक नभएको र निमन्त्रणा पाउनु भएका व्यक्तिहरुलाई पनि त्यहां सहभागी नहुन हामी विनम्र अनुरोध गर्दछौं ।

संस्थामा आफूले गरेको आर्थिक हिनामिना ढाकछोप गर्न उनीहरु अहिले यस्तै गतिविधि गर्न अग्रसर भएका छन् ।

सामाजिक सद्भाव बिथोल्ने र समाज विभाजन गर्ने र संस्थाको गरिमा धुमिल हुने गरि भ्रम फैलाउने त्यस्ता गतिविधि रोक्न हामीले स्थानीय प्रशासनमार्फत पहल शुरु गरिसकेका छौं।

त्यसदिन आधिकारिक संस्थाबाहेकका व्यक्तिबाट जबरजस्ती कुनै कार्यक्रम गरिए हुन सक्ने प्रतिकुल परिणामप्रति हामी जिम्मेवार नहुने पनि यसै विज्ञप्तिमार्फत सजग गराउन चाहन्छौं ।

बेलायतवासी समस्त जनसमुदायलाई एनआरएन युकेका ***Elected President*** बाट आएको मेल premgahamgr@gmail.com बाट आएका सामग्रीमात्र आधिकारिक हुने पनि जानकारी दिन चाहन्छु ।

भरतमणि चोङ्गबांग
उपाध्यक्ष / प्रवक्ता /गैर आवासीय नेपाली संघ युके,

13 The Arcade , Aldershot, GU11 1EE, UNITED KINGDOM | w: www.nrnauk.org | Charity No: 1196013
| E: premgahamg@gmail.com ✆ President: +44 7833507666 | General Secretary: +44 7383559489